# रासी सोनारी राजपत्र

## रासी सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या ८ मिति २०७९/१२/२१

## भाग २

रासी सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**दीगो विकास लक्ष्यहरुको स्थानीयकरण नीति, २०७९**

**रासी सोनारी  गाँउपालिका**

**दीगो विकास लक्ष्यहरुको स्थानीयकरण नीति, २०७९**

कार्यपालिकाबट स्वीकृत मितिः २०७९/१२/१९

प्रमाणीकरण मितिः २०७९/१२/२१

## राप्ती सोनारी गाउँपालिका

## दीगो विकास लक्ष्यहरुको स्थानीयकरण नीति, २०७९

### १. भूमिकाः

नेपाल सरकारले दीगो विकासका लक्ष्यहरु कार्यान्वयनको मार्गचित्र २०१६-२०३० निर्धारण गरी कार्यान्वयन गरिरहेको सन्दर्भमा संघीयताको अभ्यास अनुसार स्थानीय सरकारले आफ्नो एकल तथा साझा अधिकारको सूची एवं कार्य जिम्मेवारी अनुसार दीगो विकासका प्रावधानहरुलाई विकासका कार्यमा आन्तरिकीकरण गर्दे समग्र विकासलाई गुणस्तरीय बनाउने उद्देश्य सहित लिइएका विश्वव्यापी लक्ष्यहरुलाई आन्तरिकीकरण गर्दै राष्ट्रिय लक्ष्यमा पुग्न सहयोग हुने गरी दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने सन्दर्भमा राप्ती सोनारी गाउँपालिकाले दीगो विकासका लक्ष्यहरुलाई आफ्नो भौगोलिक बनावट अनुकूल हुने गरी स्थानीयकरण गर्ने प्रयास गरेको छ । उपलब्ध श्रोत साधन तथा क्षमतालाई उपयोग गरी दीगो विकास लक्ष्यमा पुग्ने मार्ग तर्फ अग्रसर रहेको छ ।

### २. नीतिहरुः

१. स्वास्थ्य तथा सरसफाईका लागि चेतनामूलक कार्यक्रमका साथ गुणस्तरीय बनाउने,

२. सन् २०३० सम्म पूर्ण सरसफाईको अनुभूति जनतामा गराउने,

३. प्रविधियुक्त तथा दीगो कृषि, स्वरोजगारीमा वृद्धि र आर्थिक समृद्धि मार्फत जनताको जीवनस्तरमा सूधार गर्ने,

४. साना तथा घरेलु उद्योगहरुलाई प्रोत्साहन गरी मर्यादित काम र उचित पारिश्रमिकको व्यवस्था गरी स्वनिर्भरतामा जोड दिने,

५. सबैलाई अनिवार्य शिक्षाका साथै प्राविधिक, जीवनोपयोगी शिक्षाको व्यवस्था गर्ने,

६. प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने,

७. भेदभाव रहित समानतामा आधारित समाजको निर्माणमा जोड दिने,

८. सर्वसुलभ तथा पहुँचयोग्य शिक्षा प्रणालीको विकास गर्ने,

९. गाउँ टोल बस्तीसम्म उर्जाको सहज र दीगो उपलब्धता गराउने,

१०. स्वरोजगार तथा उद्यमशीलताको विकास गरी उत्पादन र उत्पादकत्वलाई दीगो बनाउने,

११. गाउँपालिका  भित्र निर्माण हुने पूर्वाधारहरुलाई गुणस्तरीय, भरपर्दो र दीगो बनाउने,

१२. लैगिंक समानता हासिल गर्ने र सभ्य समाज निर्माणमा जोड दिने,

१३. विपद् न्यूनीकरणका लागि पूर्वतयारीमा जुटौं भन्ने अभियानलई साकार पार्न जनशक्ति विकास तथा सामाजिक चेतनामा जोड दिने,

१४. सेवा प्रवाह छिटो छरितो तथा दीगो र गुणस्तरीय बनाउन घुम्ती सेवा सहित जनआवश्यकता र मागमा आधारित बनाउने,

१५. दीगो विकासका निमित्त जलस्रोतहरु संरक्षण गर्ने तथा दीगो रुपमा प्रयोग गर्ने,

१६. आधारभूत सेवा पुग्ने गरी स्वास्थ्य र मर्यादित बसोबासलाई जोड दिने,

१७. दीगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच पुऱ्याउने र दीगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनहरुलाई सुदृढ गर्ने ।

## ३. कार्ययोजना

| क्र. सं. | कार्यक्रम | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | लागत | समय सिमा | उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| १. | तत्कालिन कार्यक्रम | • तालिम संचालन<br>• गाउँ टोल परिचालन<br>• शिक्षा, सरसफाई र खानेपानी प्रयोगको अवश्थामा सुधार ल्याउन जनचेतना कार्यक्रम | गाउँपालिका | साझेदार संस्थाहरु | आवश्यकता अनुसार | नीति पारित भएको २ वर्ष सम्म | चेतनाको स्तरमा वृद्धि हुने |
| २. | मध्यमकालिन कार्यक्रम | • भवन तथा आवश्यक पूर्वाधार निर्माण<br>• प्राविधिक शिक्षा संचालन | गाउँपालिका | प्रदेश, संघ, अन्य | आवश्यकता अनुसार | नीति पारित भएको ५ वर्ष सम्म | सेवा प्रवाह सहज तथा प्राविधिक जनशक्तिको विकास हुने |
| ३. | दीर्घकालीन कार्यक्रम | • विकासको एकीकृत नीति तयार गर्ने<br>• बाह्य लगानीलाई आकर्षित गर्ने<br>• पालिकास्तरको सर्वेक्षण गरी अन्य रणनीति तयार गर्ने | गाउँपालिका | प्रदेश, संघ, अन्य | आवश्यकता अनुसार | नीति पारित भएको ५ वर्ष भन्दा बढी | लिएका लक्ष्य पूरा भई गुणस्तरीय सेवा प्रदायकको रुपमा गाउँपालिका स्थापित हुने |

आज्ञाले,<br>
ओम प्रकाश देवकोटा<br>
प्रमुख प्रशासकीय अधिकृत